# त्रियुगा नगरपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम

त्रियुगा नगरपालिकाको पन्ध्रौं नगर सभाका सभाध्यक्ष नगर उपप्रमुखज्यू

नगरसभाका सदस्यज्यूहरू,

१. त्रियुगा नगरपालिकाको **"स्वस्थ, शिक्षित, उद्यमशील हाम्रो शहरः समुन्नत, समावेशी, समृद्ध त्रियुगा नगर"** भन्ने संकल्पलाई साकार पार्न **"त्रियुगा नगरपालिकाको गतिः समावेशी विकास, सुशासन र समृद्धि"** को कार्यनीतिको माध्यमबाट त्रियुगा नगरमा विकासका पूर्वाधारहरू तयार हुँदै गइरहेको छ। त्रियुगा नगरले प्राप्त गरेका उपलब्धिहरुलाई संस्थागत गर्दै नगरवासीहरुमा स्थानीय सरकार प्रति आशा र भरोसामा वृद्धि गर्दै आर्थिक, सामाजिक रुपान्तरणका लागि हामी प्रतिवद्ध छौं । हाम्रो लक्ष्यलाई पुरा गर्नका लागि साथसहयोग, भरोसा, विश्वास र सल्लाह सुझाव दिनु भएकोमा सर्वप्रथम त्रियुगा नगरवासीहरुमा हार्दिक आभार प्रकट गर्न चाहन्छु ।त्रियुगा नगरपालिकाको पन्ध्रौं नगर सभामा आर्थिक वर्ष २०८२/८३ को वार्षिक नगर विकास नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेको छु ।

२. यस अवसरमा सामाजिक न्याय, समानता, लोकतन्त्र प्राप्ति र लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलनलाई स्मरण गर्दै नागरिक हक प्राप्ति र राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्ने शहिदहरु प्रति हार्दिक सम्मान एवं श्रद्धासुमन अर्पण गर्दछु।साथै शहिद परिवार, घाईते र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

३. आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं योजना, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, संघीय र प्रदेश सरकारको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, संघ तथा प्रदेशले जारी गरेका नीति, कानूनहरु तथा मापदण्डहरु, विकासका अन्तरसम्बन्धित विषयहरु र नगर सभा सदस्यहरुले दिनु भएको सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु । साथै, जिल्ला र नगरस्थित राजनीतिक दल, संघसंस्था, समाजसेवी र त्रियुगा नगरवासी आमा-बुवा, दिदीबहिनी, दाजुभाइहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई ध्यान दिएको छु ।

**सभाध्यक्ष महोदय,**

४. "समुन्नत त्रियुगा नगर, सवल स्थानीय सरकार" भन्ने नगरवासीको आकांक्षा पुरा गर्न त्रियुगा नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा निम्न बिषयमा जोड दिएको छ।

- सरल, सहज, छिटो, प्रभावकारी र नागरिकमैत्री सेवा प्रवाह
- उपलव्ध स्रोतसाधनको समुचित व्यवस्थापन
- विगतका अधुरा योजनाहरुको पूर्णतालाई प्राथमिकता दिंदै गुणस्तरीय भौतिक पूर्वाधार विकास
- सामाजिक रुपान्तरण र आर्थिक सवलिकरण
- स्वस्थ प्रतिस्पर्धा, आपसी संवाद, समन्वय, सहकार्य र साझेदारी
- तथ्य र तथ्याङ्कमा आधारित नीति, कार्यक्रम र बजेट
- नगरवासीको समस्याप्रति सम्वेदनशील हुँदै दैनिक जीवयापनमा नागरिक सँगसँगै र नागरिकको सल्लाह, सुझावको सम्मान
- सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग

**सभाध्यक्ष महोदय एवं नगरसभाका सदस्यज्यूहरु**

**५. अव म आगामी आर्थिक वर्षको लागि क्षेत्रगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।**

**१. सामाजिक विकासः**

**१.१ कृषि र पशुपालन क्षेत्रः**

**"कृषिमा आधुनिकीकरणः नगरको रुपान्तरण"** भन्ने अभियान अन्तर्गत निम्न नीति अख्तियार गरी कार्यक्रमहरु सञ्चालन गरिनेछः

- कृषि विकास रणनैतिक योजना (२०८१/८२-२०८५/८६) बमोजिमका नगर कृषि विकास कार्यक्रम तर्जुमा गरी बाली संरक्षण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।
- दुधजन्य र मासुजन्य उत्पादनमा नगर आत्मनिर्भर भएको छ। यसको दिगोपनका लागि स्वास्थ्यबर्धक र उपभोक्तामैत्री उत्पादनलाई प्रवर्द्धन गर्दै **त्रियुगाको दुध र मासु ब्राण्डिङ** गर्न समन्वय र सहकार्य गरिनेछ।
- कृषि पर्यटन क्षेत्रको एकीकृत विकासलाई प्राकृतिक श्रोतसाधन केन्द्रित बनाउदै लगिनेछ।
- बाँझो जमिनको अभिलेख राखी उक्त जमिनमा खेती गर्ने प्रणालीलाई प्रोत्साहित गरिने छ। प्राकृतिक प्रकोप तथा कृषिजन्य रोगका कारण कृषि वालीमा हुने क्षतिलाई परिपुरण गर्न **कृषि बीमा** कार्यक्रम लागू गर्ने व्यवस्था मिलाइनेछ।
- त्रियुगा नगरपालिकाको वडा नं. १४, १५ र १६ मा व्यवसायीक कफी उत्पादन, प्रशोधन र बजारीकरण गर्न कफी जोन घोषणा गरी कफी किसानहरुलाई व्यवसायीकरण गरिनेछ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरुको आर्जित सीप, अनुभव र पूँजीलाई व्यवसायिक कृषि उन्नत पशुपालन तर्फ आकर्षित हुने कार्यक्रम सञ्चालन गरिनेछ।
- **नगर कृषिसेवा प्रत्येक कृषक व्यवसायीमा** पुर्याउने लक्ष्य अनुरुप तरकारीमा आत्मनिर्भर बन्ने र करेसाबारी कार्यक्रमलाई प्रोत्साहन गरी आमा र बच्चाको पोषणमा सुधार गरिनेछ।
- प्राङ्गारिक मलको उत्पादन र उपयोगमा आवश्यक प्रबन्ध गरी माटोको स्वच्छता तथा उत्पादकत्व वृद्धि गरिनेछ।
- पौष्टिकयुक्त, विषादिमुक्त रैथाने र स्थानीय उत्पादन अण्डी धान बेसारको उत्पादन वृद्धिलाई प्रोत्साहन दिइनेछ। उत्पादित वस्तुको बजारीकरणमा सहयोग पुर्याउन कृषक कल सेण्टरको माध्यमबाट विचौलियाबाट उन्मुक्ति दिने कार्यलाई प्राथमिकता दिइनेछ।
- संभाब्यता अध्ययन गरी सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडलमा हरेक वडामा ग्रामिण कृषि उपज संकलन केन्द्र, भण्डारण, प्रशोधन तथा वितरण केन्द्र खोल्न प्रोत्साहित गरिनेछ। उत्कृष्ट किसानलाई पुरस्कृत गरिनेछ।
- विगत वर्षदेखि स्थापना भएको शैक्षिक छात्रावृति कोषबाट कृषि र पशु संकाय अध्ययन गर्न चाहाने गरिब तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रवृत्ति उपलव्ध गराईनेछ।
- मौसमी तथा बेमौसमी व्यवसायिक कृषिलाई टेवा पुर्याउदै कृषि व्यवसायलाई उद्योगको रुपमा संचालन गर्न उत्प्रेरित गरिने छ।

- नगर अर्थतन्त्रमा कृषिको योगदान अभिवृद्धि गर्न खेतीयोग्य भूमि पहिचान गर्दै नवीनतम कृषि प्रविधि सहितको मर्यादित पेशाको रुपमा कृषिलाई स्थापित गर्दै कृषि कार्यलाई यान्त्रिकीकरण, आधुनिकीकरण, व्यावसायीकरण र औद्योगीकरण गराउन पहल गरिने छ।
- एकल महिला, द्वन्दपीडित,अपाङ्ग व्यक्ति समुदायबाट संचालित कृषि फर्म तथा कृषि उत्पादनमूलक कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
- **स्वस्थ पशुः स्वस्थ पशुजन्य उत्पादन**को सोच अनुरूप प्रत्येक वडामा पशु स्वास्थ्य शिविर तथा औषधी ब्यवस्थापन गरिने छ।
- ब्यवसायिक पशुपालन क्षेत्रमा युवाको आकर्षण बढाउन पुराना फार्मको सुरक्षा तथा मर्मत सुधार एवं नयाँ फार्म स्थापना र विस्तारको लागि लागत साझेदारीमा फार्म प्रवर्द्धन कार्यक्रम (बाख्रा, गाई, भैसी, बंगुर, कुखुरा, माछा) लाई निरन्तरता दिइनेछ।
- पशुपन्छीपालन ब्यवसायको जोखिम न्यूनिकरण गरी कृषकहरूको ब्यवसाय प्रतिको आकर्षण बढाउन पशुपन्छी बिमा कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यवसायिक पशुपालक कृषकहरुलाई आवश्यक हिउंदे, वर्षे र बहुवर्षे घाँस लगाउन प्रोत्साहन गरिनेछ साथै त्यस्ता घाँसका बिऊ सहज वितरणको व्यवस्था मिलाईनेछ।
- कृत्रिम गर्भाधारण कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रूपमा संचालन गर्दै लगिनेछ।

**१.२ सहकारी क्षेत्रः**

- सहकारी क्षेत्र सुधार गर्न सहकारीको क्षेत्रगत वर्गिकरण र एकीकरण गरी दोहोरोपन हटाउदै सहकारी संख्या क्रमशः घटाउदै लगिनेछ।
- व्यवसायिक क्षमता अभिवृद्धि गरी सहकारी क्षेत्रमा देखिएको जोखिम हटाउन सहकारी सुशासन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।
- सहकारी संस्थाहरु बचत तथा ऋण कारोवारमा मात्र सिमित रहेकाले उद्धेश्य अनुरुपको कारोवार गर्न कृषि तथा बहुउद्धेश्यीय सहकारीहरुलाई उत्पादन ब्राण्डिङ्ग र बजारीकरण गर्न सहजिकरण गरिनेछ।
- सहकारी तथ्याङ्क व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्युतीय सूचना प्रणालीको मापदण्ड बमोजिम सञ्चालन गर्न सहकारी संस्थाहरुलाई क्षमता विकास गरी सहकारी तथा गरिवी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) को विस्तार र स्तरोन्नति गरिनेछ।
- सहकारी संस्थाहरूमा सुशासन कायम गर्न सघन अनुगमन एवं नियमनलाई प्रभावकारी वनाईनेछ।
- स्थानीय उत्पादन तथा अत्यावश्यक वस्तुहरूको आपूर्ति, कृषिजन्य वस्तु, मल, बिउ, यन्त्र, उपकरण सहकारी संघसंस्था मार्फत बिक्री वितरण गर्ने व्यवस्थालाई व्यवस्थित र प्रभावकारी बनाईनेछ।

**१.३ पर्यटन क्षेत्रः**

**"मौलिक कला र संस्कृतिः आन्तरिक पर्यटनबाट समृद्धि"**

- त्रियुगा नगरपालिका भित्र रहेका धार्मिक तथा सांस्कृतिक महत्व भएका स्थानहरुको सूचना प्रदान गर्न त्रियुगा पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ।
- होटल व्यवसायमा स्थानीय उत्पादनहरुको प्रवर्द्धन तथा बजारीकरण गरी पर्यटन क्षेत्रको विकास गर्न रौता महोत्सव, राजथला कार्यक्रम, होमस्टे प्रवर्द्धन जस्ता कार्यक्रम संचालन गरिनेछ।

- हलेसी र बराह क्षेत्र दर्शन गर्न आउने पर्यटकहरुका लागि पर्यटक मार्ग क्षेत्र ( Tourism Route Region) विकास गरी त्रियुगा भिजिट कार्यक्रम लागू गरिनेछ।
- आन्तरिक पर्यटन प्रवर्द्धन गर्न छोटो तथा लामो दुरीको पद मार्गहरुको पहिचान तथा परीक्षण गरी ट्रेकिङ्ग तथा हाईकिङ्ग पदमार्गहरु घोषणा गरिनेछ।
- पाराग्लाइडिङ्ग, राफ्टिङ्ग, साईक्लिङ्ग जस्ता साहसिक पर्यटन क्षेत्रको विकास प्रवर्दन गरिनेछ ।
- संघीय र प्रदेश तहको सहयोगमा समेत हिल स्टेशनको कार्य अगाडि बढेकोले पहाडी वडाहरुमा **मानसिक स्वास्थ्यता र बौद्धिक रमणीयताको लागि हिल स्टेशन गन्तव्य** बनाइनेछ।
- योग, ध्यान मार्फत सकारात्मक सोचको अभिवृद्धि गरी त्रियुगा नगरलाई आरोग्य र अध्यात्म पर्यटन स्थलको रुपमा प्रवर्द्धन गरिनेछ।

**१.४ उद्यमशीलता प्रवर्द्धन र रोजगारीः**

- दिगो रोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखेर **"मिसन रोजगारीः दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धन अभियान"** सञ्चालन गरिनेछ। यो अभियानलाई साकार पार्न लघु घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन गर्दै रैथाने ज्ञान सिप र प्रविधिलाई नवप्रवर्तनकारी ज्ञान र क्षमतासंग आवद्धता र उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रमहरु सचालन गरिनेछ।
- श्रम बजारको माग, उपलब्ध स्रोत र जनशक्ति, रोजगार प्रवृत्तिको अध्ययन, रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरूको निदान गरी रोजगार रणनीति, २०८० मा आवश्यक परिमार्जन सहित नगरपालिकाभित्र र बाहिर रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरूको विकास तथा दिगो रोजगारी विकासका कार्यक्रमहरू संचालन गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम र मोडालिटिमा परिवर्तन गरि राष्ट्रिय रोजगार कार्यक्रमको नाम भए बमोजिम नगरपालिकाको साझेदारी समेत हुने गरि आन्तरिक रोजगारी प्रवर्द्धन गरिने छ ।
- एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने सरकारको नीति अनुरुप सवै लघु, घरेलु तथा मझौला उद्यमीहरुलाई एकीकृत रुपमा स्थापना र व्यवस्थापन गर्न त्रियुगा नगरपालिका वडा नं. ६ जलजले क्षेत्रमा औद्योगिक ग्राम स्थापना गर्न गुरुयोजना तयार गरिनेछ।
- त्रियुगा नगरपालिका क्षेत्र भित्रका कलेजहरुमा अध्ययन गरिरहेका विद्यार्थीहरुको प्रयोगात्मक ज्ञान र सिप अभिवृद्धि गर्न सार्वजनिक निजी र गैरसरकारी क्षेत्र विच त्रिपक्षीय सम्झौता गरी क्षेत्रगत रुपमा व्यवहारिक सिकाई (Internship Programe) लागु गरिनेछ।
- नगरपालिकाभित्रको रोजगारीको अवस्था, श्रमिकको अवस्था, माग र आपूर्ति, स्थानीय, आन्तरिक-बाह्य, स्वदेशी-विदेशी श्रमिकको तथ्याङ्क सङ्कलन, श्रमयोग्य जनशक्तिको सीप तथा क्षमता नक्साङ्कन एवं स्थानीय श्रोत तथा साधनको नक्साङ्कन गरिनेछ। उद्यमीलाई सहजीकरण तथा श्रम शक्ति र रोजगारदातालाई समन्वय गर्न प्रभावकारी रुपमा रोजगार/उद्यम सेवा केन्द्र/श्रम डेक्स संचालन गरिनेछ।
- श्रम संसार पोर्टल सञ्चालनमा ल्याई रोजगार सम्बद्ध सेवाहरु एकिकृत रुपमा प्रवाह गरिने छ ।

- त्रियुगा नगरपालिकाबाट वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरु पुन: श्रम स्वीकृतिको कार्य र वैदेशिक रोजगारबाट प्रदान गर्ने कल्याणकारी सेवाहरुलाई थप सहज र सरल बनाइने छ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका ब्यक्तिहरुको लागि उनीहरुले सिकेको सीप, हासिल गरेको अनुभव तथा क्षमताको आधारमा सीप विकास तालिमको प्रबन्ध गरी उद्यम/व्यवसाय गर्न पुन:एकिकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- गरिवी न्यूनिकरणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिंदै महिला, दलित, विपन्न परिवारलाई रोजगारीको श्रृजना गरिनेछ।
- आप्रवासन सूचना केन्द्रलाई प्रभावकारी रुपमा व्यवस्थित गरी वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धीमूलक बनाईने छ।

## २. सामाजिक विकासः

### २.१ शिक्षा युवा तथा खेलकुदः

- **"नलेज इकोनोमी"**को आधारशिलाको रुपमा रहेको सामुदायिक विद्यालयको स्तरोन्नतीका निमित्त "प्रारम्भिक बालशिक्षा र बिकास" शिक्षाको जग भएकोले सामुदायिक विद्यालयका कक्षा १ भन्दा अगाडिको बालकक्षा (ECD) हरुमा "प्रारम्भिक afलविकास र शिक्षाको पाठ्यक्रम-२०७७" बमोजिम निर्मित एवं नेपाल सरकारबाट स्वीकृति प्राप्त श्रव्य दृश्य सहितको पाठ्यसामग्रीको व्यवस्था गरिनेछ।
- त्रियुगा नगरपालिकाको दश वर्षे शैक्षिक योजना तर्जुमा गरिएको छ, सो बमोजिम माध्यामिक तहसम्मको शैक्षिक गुणस्तर सुधारको कार्यक्रमहरु संचालन गरिनेछ।
- नतिजाको आधारमा उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीहरूलाई पुरस्कार तथा सम्मानको व्यवस्था मिलाइनेछ।
- कक्षा ८ र एसईईको नतिजामा कमजोर हुने विषयका विषय शिक्षकहरुलाई थप तालिम र अनुभव आदानप्रदानका कृयाकलाप मार्फत नतिजा सुधार गरिनेछ।
- सामुदायिक विद्यालयहरुको पूर्वाधार निर्माणमा सुधार गरी बालमैत्री कक्षा कोठा, फर्निचर, पुस्तकालय, प्रयोगशाला, इन्टरनेट सुविधा, आईसीटी ल्याब, स्वच्छ पिउने पानीको व्यवस्था, शौचालय, स्यानिटरी प्याडको व्यवस्था, खेलमैदान, पुस्तकालय निर्माण जस्ता कार्यमा प्राथमिकता दिइनेछ।
- उच्च र प्राविधिक शिक्षा अध्ययनमा छात्रावृति सहयोगको लागि शैक्षिक छात्रवृत्ती कोष स्थापना गरिएको छ र यसलाई प्रभावकारी रुपमा परिचालन गरि विपन्न, सिमान्तकृत, असहाय, अपाङ्ग, दलित समुदायका विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा सहयोग गरिनेछ।
- कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भई पुस्तक छाप्ने कार्य भईरहेको छ। आगामी महिना देखि सबै विद्यालयहरुमा पाठ्यपुस्तक उपलव्ध भई स्थानीय पाठ्यक्रमको सिकाई निरन्तर रुपमा सञ्चालन र समसामयिक परिमार्जन गर्दै लगिनेछ।
- नगरका सामुदायिक विद्यालयहरु मध्ये न्यूनतम एक विद्यालयलाई महिलामैत्री बनाउँदै लगिनेछ, जस अन्तर्गत शिक्षक र कर्मचारीहरू सबै महिलामात्र हुने व्यवस्था मिलाईनेछ ।

- संस्थागत विद्यालयमा अध्ययनरत कूल विद्यार्थी संख्याको १० प्रतिशत गरिब, अल्पसंख्यक एवं सिमान्तकृत विद्यार्थीहरुलाई निःशुल्क (भर्ना र मासिक शुल्क) रुपमा अध्ययनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- कक्षा ५ र कक्षा ८ को परीक्षालाई नगरस्तरीय परीक्षाको रुपमा निरन्तरता दिईनेछ।
- सबै विद्यालयहरुमा लैङ्गिक सम्पर्क शिक्षक सहित विद्यालयमा हुने हिंसाको गतिविधि न्युनिकरण गरिनेछ। विद्यालयमा मनोसामाजिक परामर्श सेवामा जोड दिईनेछ।
- स्विस सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा हेल्भेटास नेपाल मार्फत संचालित ईन्स्योर परियोजनाको भावि वृत्ति छनौटमा सहयोग पुग्ने कार्यक्रमको सकारात्मक प्रभावलाई निरन्तरता दिईनेछ।
- बाल अधिकारलाई सुनिश्चित गर्न प्रत्येक शुक्रबार बुक फ्री डे को रुपमा निरन्तरता दिंदै **नेतृत्व विकास तथा वादविवाद** कार्यक्रम, विद्यालय तहमा वक्तृत्वकला, बहस तथा सार्वजनिक प्रस्तुतीका कार्यक्रम संचालन गरिनेछ।
- विद्यालय तहदेखि विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणितमा रुचि विकास गर्न स्टिम (STEM) क्लब र प्रतिस्पर्धाका कार्यक्रम शुरुवात गरिनेछ।
- सबै सामुदायिक विद्यालयमा नेपाली र अंग्रेजी दुवै माध्यमबाट अध्यापन गराउन व्यवस्था मिलाईनेछ ।
- विद्यार्थी संख्याका अनुपातमा शिक्षक दरबन्दी मिलान र सरुवा गरिने एवं विद्यालहरु एक अर्कोमा गाभिनेछ।
- एक स्थानीय तह एक नमुना पुस्तकालय नीति अन्तर्गत संगम सामुदायिक पुस्तकालय प्रवर्द्धनको लागि सहकार्य गरिनेछ।
- **"शिक्षा, सीप र खेलकुदको नगरः समावेशी विकास र सशक्त युवाको शहर"** भन्ने लक्ष्य लिई युवामा अन्तर्निहित प्रतिभाको प्रस्फुटन, सिर्जनशीलता, सीप र क्षमताको विकास गर्न युवा नीति तर्जुमा गरी वडा र नगरस्तरीय युवा संजाल निर्माण गरिनेछ।
- लागू औषध विरुद्धको युवा लक्षित कार्यक्रम अन्तर्गत पुनर्स्थापन केन्द्र संचालन गरिनेछ।
- नगर खेलकुदको विकासको लागि संघीय र प्रदेश सरकारको समन्वय र सहकार्यमा थरुहट रंगशालाको स्तरोन्नति एवं क्रिकेट मैदानको निर्माणमा पहल गरिनेछ।
- विद्यालय तहदेखि खेलकुद, तालिम र खेलाडी प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।
- युवाकै निर्णय र सहभागितामा त्रियुगा नगरलाई खेलकुद पर्यटन केन्द्रको रुपमा विकास गरिनेछ।

**२.२ स्वास्थ्य**

- नगर अस्पताल देउरीको पूर्वाधार र स्वास्थ्य सेवाको क्षमता बढाई नगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई बढावा दिईनेछ।
- सबै वडाहरुमा रहेका स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्रहरुमा आवश्यकता अनुसार सुविधा सम्पन्न वर्थिङ्ग सेन्टर निर्माण तथा विस्तार गर्दै लगिनेछ।
- गर्भवती महिलाहरुलाई जटिलता भई प्रसुती सेवाको लागि प्रेषण गर्नु पर्दा निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ।

- नियमित खोप सेवालाई थप प्रभावकारी बनाई बालबालिकाको खोप सम्वन्धी अधिकारलाई सुनिश्चित गरिनेछ।
- त्रियुगा नगरपालिका वडा नं. ३ भुल्केमा रहेको सर्पदंश उपचार केन्द्रको प्रभावकारी सञ्चालनको लागि न्यूनतम सेवासुविधाको व्यवस्था मिलाईनेछ।
- नगरपालिकाको सबै वडा, निःशुल्क आँखा जाँच र शल्यकृया, रक्त स्क्रिनिङ, जेष्ठ नागरिक तथा अपाङ्गगता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण शिविर कार्यलाई निरन्तरता दिईनेछ।
- कुपोषणबाट ग्रसित सुनौलो हजार दिनका महिला तथा बालबालिकाहरुको लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिंदै सन्तुलित पोषण र विविधतायुक्त खानाको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै पोषणमैत्री नगरपालिका बनाउन पहल गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाको सम्मानजनक विदाईको लागि आवश्यक व्यवस्था गरिनेछ।
- मानसिक स्वास्थ्य समस्या रहेका ब्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने ब्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ। साथै मानसिक स्वास्थ्य कार्यक्रमलाई व्यवस्थित गरिनेछ।
- महिला स्वास्थ्यमा सुधार गर्न **उपमेयर प्रजनन स्वास्थ्य** कार्यक्रमका साथै नगरपालिका भित्रका विभिन्न समुदायका महिलाहरूमा हुने आङ्ग खस्ने रोगको स्क्रिनिङ्ग गरी पाठेघरको रोगको निदान र उपचार तथा शल्यक्रियाको व्यवस्था मिलाइनेछ।
- क्षयरोग, कुष्ठरोग, औलो, कालाजार, डेंगु लगायतका संक्रामक सरुवा रोगहरु एवं नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणमा विशेष जोड दिई आवश्यक व्यबस्था गरिनेछ।
- किशोरीमैत्री प्रजनन् स्वास्थ्य सेवाको लागि आवश्यक स्यानेटरी प्याड भेण्डिङ मेशिन (Vending Machine) को विस्तार गरिनेछ।
- पूर्ण खोप सुनिश्चित नगरको निरन्तरताको लागि आवश्यक कार्यहरु थप प्रभावकारी बनाइनेछ।

**२.३ खानेपानी तथा सरसफाई - "स्वच्छ खानेपानीः सफा बस्ती राम्रो आनिबानी"**

- नगरमा सञ्चालित खानेपानी आयोजनाहरुको सुविधा विस्तार, पुनःनिर्माण र सञ्चालनमा सहयोग गरिनेछ।
- उपभोक्ताहरुबाट लागत सहभागिता तथा शुल्क निर्धारण गरी गुणस्तरीय खानेपानीको नियमित उपलव्धताको सुनिश्चितता र नियमित मर्मत सम्भार गरी दिगोपना कायम गरिनेछ।
- रुग्ण खानेपानी आयोजनाहरुको सुधार, मर्मत सम्भार तथा व्यवस्थापनको लागि आम उपभोक्ताको सहमतिमा सम्वन्धित निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ।
- सार्वजनिक-निजी साझेदारी कार्यक्रम तथा अन्य निकायहरुसँग साझेदारी गरी फोहरमैलाको दिगो व्यवस्थापन कार्यको थालनी गरिनेछ।

**२.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

- २०८३ सालसम्म त्रियुगा नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- बालबालिकाहरुको हितमा कृयाशिल संघ संस्थाहरूसंग समन्वय र सहकार्य गरी बालश्रमिक, सडक तथा अनाथ बालबालिकाहरूको उद्धार, राहत र पुनःस्थापनाको कार्यहरु गरिनेछ।
- सडक बालबालिका मुक्त त्रियुगा नगर बनाउनका लागि विशेष कार्यक्रम संचालन गरिनेछ।
- महिलाहरुलाई विकासको मूलप्रवाहमा ल्याउन महिला सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ। लैङ्गिक हिंसापिडितहरुका लागि तत्काल संरक्षण, उपचार, मनोसामाजिक परामर्श र शिघ्र न्यायिक निरूपण र पिडकलाई कडा कारवाहीका लागि आवश्यक समन्वय गरी पीडितलाई समाजमा पुनःस्थापना गरिनेछ।
- अपाङ्गहरुको हकहित संरक्षण, सहज र सम्मानयुक्त जीवनयापनको लागि समुदायमा आधारित पुनर्स्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- बाल विवाह, बालश्रम, बाल दुर्व्यवहार, दाईजो प्रथा, बोक्सीको आरोप, छूवाछुत जस्ता सामाजिक कुरीति अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- विभिन्न प्रकारका हिंसाबाट पिडित महिलाहरूलाई तत्काल उद्धार गर्नको लागि लैंगिक हिंसा निवारण कोष मार्फत सेवा पुर्याई सहज जीवनयापनको लागि सीप सिक्ने व्यवस्था मिलाई आयआर्जनको लागि टेवा पुर्याईनेछ। हिंसा पिडितहरुको उद्धार र पुनःस्थापनामा सकृय संघ संस्थाहरुसँग समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ।
- ज्येष्ठ नागरिकको सुरक्षा र सम्मानका लागि अन्तरपुस्ता संवाद, दिवा खाजा कार्यक्रम, निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- त्रियुगा नगरपालिकामा श्रम डेक्स मार्फत श्रमिकहरुको सूचिकरण, माग र आपूर्तिमा सहजिकरणका साथै निःशुल्क श्रमिक बिमाको बजेटको व्यवस्था गरिनेछ।
- एकल महिलाहरूको सीप र दक्षतामा अभिवृद्धि गरी आर्थिक रूपमा सबल बनाउन सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ।
- दलित, आदिवासी जनजाती, मधेशी, थारू, मुस्लिम तथा अल्पसंख्यकहरूको विकास र उत्थानमा सहयोगी हुने सशक्तिकरणका कार्यक्रमहरू संचालन गरिनेछ।
- किशोरकिशोरीका लागि जीवनपयोगी सीप तथा आत्मरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

### २.५ गैर सरकारी संस्था

- नगर क्षेत्रमा सचालित गैर सरकारी संस्था तथा सामुदायिक संस्थाहरुको अभिलेखाङ्कन गरी प्रभावकारी नियमन गरिनेछ।
- नगर भित्र कार्यक्षेत्र रहेका गैर सरकारी संस्था, सामुदायिक संस्था, सहकारी संस्था लगायतको कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाईनेछ।
- गैरसरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी नगरको प्राथमिकताका क्षेत्रहरुमा कार्यक्रम सचालन गरिनेछ।

### २.६ भाषा, कला, साहित्य र संस्कृति प्रवर्द्धन

- त्रियुगा नगरको पहिचान र विकासमा योगदान गरेका सबै विधाका योगदानकर्मीहरुको प्रोफाईल तयार गरिनेछ।

- त्रियुगा नगरमा बोलिने सवै भाषा, भाष्य, लिपी र कला, साहित्य र संस्कृतिको अध्ययन अनुसन्धान गरी अभिलेखीकरण गरिनेछ।
- स्थानीय सर्जकहरुलाई प्रोत्साहन गर्दै कला, साहित्य र संस्कृतिहरुको उत्थान एवं प्रोत्साहन गरिनेछ।
- धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको खोज अनुसन्धान गरी जिर्णोद्धार, संरक्षण र निर्माणका कार्यक्रम संचालन गरिनेछ।
- नगरभित्र परम्परादेखि चलिआएका धार्मिक एवं सांस्कृतिक मेला तथा पर्वहरूलाई संरक्षण र सम्वर्द्धनको पहल गरिनेछ।
- लोपोन्मुख रूपमा रहेका संस्कृति तथा सम्पदाहरूको जगेर्ना र संरक्षण गर्न विशेष सहयोग र सहजिकरणका कार्यक्रम संचालन गरिनेछ।

## ३. पूर्वाधार विकासः

### ३.१ सडक तथा पुल

- त्रियुगा नगरपालिकाको दीर्घकालिन एकिकृत नगर विकास गुरु योजना निर्माण गरी सो अनुसार पूर्वाधार क्षेत्रका योजनाहरु सञ्चालन गरिनेछ।
- नगर यातायात गुरूयोजनाको निर्माण गरी नगरभित्रका सडकहरूलाई विभिन्न श्रेणीमा वर्गिकरण र प्राथमिकीकरण गरी निर्माण गर्ने व्यवस्था गरिनेछ।
- विश्व बैंकको सहयोगमा शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत नगरपालिकाको वडा नं. १०,११,१२ र १३ मा संचालित सडक निर्माण आयोजनाको कार्य सम्पन्न गरिनेछ। यस आयोजना अन्तर्गत उपआयोजनाहरुको निर्माण तथा दोश्रो चरणको कार्यक्रम विस्तारको लागि पहल गरिनेछ।
- निर्माणाधिन अपुरा आयोजनाहरु सम्पन्न गर्न आवश्यक बजेट व्यवस्था मिलाईनेछ।
- नगरक्षेत्र भित्रको पहाड तराई जोड्ने सामरिक महत्वको रिङ्गरोड गाईघाट-बोक्से-बेलदोभान-सुकौरा-कौवाई सडक निर्माण तथा स्तरोन्नति गरिनेछ।
- निजि क्षेत्रको लागत साझेदारीमा बरुवा बसपार्क र कृषि उपज कम्प्लेक्स निर्माण गरिनेछ ।
- संघीय, प्रदेश र अन्य निकायहरुसंग दमन्वय र सहकार्य गरी नगरमा ठूला आयोजनाहरू संचालन गरिनेछ ।
- पूर्वाधार निर्माणको गुणस्तर सुनिश्चितताको लागि ल्यावको स्थापना गरी परीक्षण शुरु गरिनेछ।
- निर्मित पूर्वाधार संरचनाहरुको सघन अनुगमन गरी नियमित मर्मत सम्भारको व्यवस्था गरिनेछ।
- निश्चित मापदण्डका आधारमा वडा र नगर गौरवका आयोजनाहरूको पहिचान र सञ्चालन गरिनेछ।
- नगरका मुख्य बजारक्षेत्रहरुमा स्मार्ट स्ट्रिट लाईट (Smart Street Light), हाईम्याक्स लाईट विस्तार एवं सडक बत्तिको थप सुधार गरिनेछ।
- नगरको केन्द्रमा रहेको गाईघाट बजार सौन्दर्यकरण कार्यलाई प्राथमिकता दिईनेछ।

### ३.२ सिंचाई

- कृषियोग्य जमिनको उत्पादन र उत्पादकत्व वृद्धिको लागि साना सिंचाई कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- नगरभित्र पानीका श्रोतहरूको पहिचान संरक्षण गरी पोर्टेवल वाटर पम्पको व्यवस्था गरी सिंचाई सुविधा उपलव्ध गराउने व्यवस्था मिलाइनेछ।
- डिप बोरिंग मार्फत खेतीयोग्य जमिनमा सिंचाई उपलव्ध गराउन कृषि विद्युतीकरणलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ। यसका लागि नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

### ३.३ भवन तथा शहरी विकास

- घरनक्सा पास तथा इजाजत, निर्माण सम्पन्न प्रमाणपत्र दिने प्रक्रियालाई सरल, सहज र व्यवस्थित बनाउन ई.बि.पि.एस. (Electronic Building Permit System) संचालनमा ल्याईनेछ ।
- नगरपालिका क्षेत्रभित्र निर्माण हुने सबै प्रकारका निजी, सार्वजनिक तथा सरकारी भवनहरू नगरपालिकाको इजाजत प्राप्त गरी मापदण्ड अनुसार निर्माण हुने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ।
- मापदण्ड पुरा नभएका साविक निर्माण भई सकेका भवनहरूलाई नगरकार्यपालिकाबाट आवश्यक प्रकृया तोकी अभिलेखिकरण गर्ने व्यवस्था मिलाईनेछ।
- GIS Mapping गरी नगर भित्र रहेका स्रोतसाधनहरुको दुरुस्त अभिलेखिकरण गरिनेछ।
- अति गरिव, सीमान्तकृत समुदायको आवासको लागि सम्वन्धित संस्थाहरुसंग सहकार्य र लागत साझेदारीमा सुरक्षित घर निर्माण कार्यलाई निरन्तरता दिईनछ।
- भूमिहिन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको पहिचान गरी निजहरुले भोगचलन गरेको जग्गाको नापनक्शा एवं अभिलेखाङ्कन गरी व्यवस्थापनको कार्यलाई तिव्रता दिइनेछ।
- नक्शामा बाटोको लगत कट्टा नभएको तर फिल्डमा चलनचल्तीको बाटो भएको जग्गामा उक्त बाटो चलनचल्तिमा रहेको भनी वडाबाट एकिन साथ सिफारिश भई आएमा नक्शा पास गर्ने व्यवस्था मिलाईनेछ।
- सडक पेटीहरुमा अनाधिकृतरुपमा रहेका घर टहरा तथा व्यापार व्यवसायलाई कडाईका साथ हटाई पैदल यात्रीको आवागमनलाई सहज बनाइनेछ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन

### ४.१ वन तथा भुसंरक्षण

- सडक क्षेत्र, सार्वजनिक स्थल, नदी किनार लगायतका क्षेत्रमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धनमा जोड दिइनेछ।
- पर्यापर्यटन विकास, संरक्षण, सम्बर्द्धन र महत्तम उपयोग सुनिश्चित गर्ने, दिगो विकास, पारिस्थितिक पद्दति संरक्षण, विपद व्यवस्थापन एवं पर्यावरणीय स्वच्छता कायम गरी मौमसी चक्र, जलवायु परिवर्तनलाई अनुकूलन गर्दै स्वच्छ, सफा, व्यवस्थित वातावरणमैत्री हरित नगर निर्माण नीति अवलम्वन गरिनेछ।
- सामुदायिक वन क्षेत्रबाट प्राप्त आम्दानीलाई वन संरक्षण र आर्थिक गतिविधि बढाउने क्षेत्रमा लगानी गरिने व्यवस्था मिलाइनेछ।

- त्रियुगा र बरुवा नदीको जलाधार क्षेत्र तथा त्रियुगा नदीमा मिसिने महाभारत र चुरेबाट उत्पत्ति भएका सम्पूर्ण खोला र खहरेहरुको जलाधार संरक्षण र नदी नियन्त्रणको लागि त्रियुगा क्षेत्र जलाधार संरक्षण र नदी नियन्त्रण प्याकेज बनाई भू तथा जलाधार संरक्षण कार्यलाई राष्ट्रपति चुरे संरक्षण आयोजना र नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यालयसँग सहकार्य गरिनेछ। यसका लागि संघ र प्रदेश सरकारसंग आवश्यक पर्ने बजेटको व्यवस्थाका लागि पहल गरिनेछ।

**४.२ विपद व्यवस्थापन**

- नगरस्तरीय विपद व्यवस्थापन योजना अनुसार स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरी विपदहरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनःर्स्थापनाका कार्यक्रम संचालन गरिनेछ।
- पूर्वाधार विकासका योजनाहरु संचालन गर्दा विपद जोखिम संवेदनशीलतालाई ध्यान दिई विपद जोखिम न्यूनीकरणका उपायहरुको अवलम्वन गरिनेछ।
- वन्यजन्तुबाट मानव जीउ धन र बालीनालीमा हुने क्षतिलाई कम गर्न विशेष संरक्षणका गतिविधिहरू संचालन गरिनेछ।
- सम्भावित प्रकोपको नियन्त्रणको लागि उपयुक्त ठाउँमा बाँध, तटवन्ध, पुल तथा निकासहरूको उचित व्यवस्थापन गरिनेछ।
- विकासबाट हुन सक्ने विनासलाई न्यूनिकरण गरी विकासलाई दिगो बनाउन अधिकतम रूपमा श्रममुलक प्रविधिमा जोड दिइनेछ।
- विपदको समयमा आपतकालिन उद्धारको लागि खुला सार्वजनिक स्थानहरुको पहिचान गरी आपतकालिन आश्रयस्थलको रूपमा विकास गरिनेछ। आपतकालिन समयमा आवश्यक हुने औषधोपचार, खाद्यान्न, पानी, भाँडावर्तन, लत्ताकपडा जस्ता राहतका सामग्रीहरुको व्यवस्था र उद्धार कार्यको लागि उद्योग वाणिज्य सघ, नेपाल रेडक्रस सोसाईटी, अस्पत्ताल, स्वास्थकर्मी, सुरक्षा निकायहरु, सरकारी कार्यालयहरु, स्थानीय व्यापारी, नागरिक समाज र संघ/संस्थासंगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाईनेछ।
- विपदवाट हुनसक्ने क्षतिको तत्काल उद्धार, राहत र पूनर्स्थापनाका लागि आवश्यक जनशक्ति, सामाग्रीहरुको पहिचान गरी सोको व्यवस्थापन मिलाईनेछ।
- विद्यालय स्तरमा विपद् व्यवस्थापनको रणनिति तर्जुमा गरिनेछ।
- जलवायु परिवर्तन अनुकूलन, व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन गर्न दक्ष जनशक्तिको विकास गर्न तालिम, गोष्ठी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।
- एम्बुलेन्स, दमकल, जस्ता सेवालाई चौबीसै घण्टा संचालन हुने गरी तयारी हालतमा राख्ने व्यवस्था मिलाईनेछ।

**४.३ फोहोरमैला व्यवस्थापन**

- नगरपालिका क्षेत्रभित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापन गर्न निजी क्षेत्रसँग समन्वय सहकार्य गरी व्यवस्थित गर्न आवश्यक प्रवन्ध मिलाइनेछ। +
- फोहोरमैला व्यवस्थापनको लागि घर नक्सा पास गर्दा अनिवार्य रूपमा शौचालय र सेफ्टीट्यांकी निर्माण गर्नुपर्ने व्यवस्था लागू गरिनेछ।

- सार्वजनिक स्थलमा छाडिएका छाडा पशु, चौपायाहरुलाई कान्जी हाउस निर्माण गरी राख्ने व्यवस्था मिलाईनेछ।
- नगरलाई सरसफाईयुक्त बनाउन स्थानीय वासिन्दाहरु एवं निजी क्षेत्रसंगको साझेदारीमा विशेष कार्यक्रमहरू संचालन गरिनेछ।
- सार्वजनिक स्थलमा सार्वजनिक शौचालयहरू निर्माण गरी नियमित सरसफाईको व्यवस्था मिलाईनेछ।

## ४.४ जैविक विविधता तथा जलाधार संरक्षण

- पानीको श्रोत, मुहान, पोखरी, तलाउ, सिमसार क्षेत्र तथा जैविक विविधताको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ।
- ढुंगा, गिटी बालुवा, नदीजन्य सामग्रीहरु एव  खानीजन्य सामग्रीहरुको श्रोतको पहिचान गरी वातावरणीय अध्ययन परीक्षण गरी प्रतिवेदनले तोकेको परिमाणमा मात्र उत्खनन गरिनेछ।
- वन पैदावार, ढुंगा, बालुवाको चोरी निकासीलाई नियन्त्रण गरी करको दायरामा ल्याइनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

## ५.१ क्षमता विकास र सेवा प्रवाह

- त्रियुगा नगरपालिकाको आवधिक क्षमता विकास योजना तयार गरी जनप्रतिनीधिहरू र कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी नगरपालिकाबाट प्रदान हुने सेवाहरूलाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही र मितव्ययी बनाउदै लगिनेछ।
- सुशासनको प्रत्याभूत गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, खर्च सार्वजनिकीकरण, गुनासो व्यवस्थापन, लैंगिक उत्तरदायी बजेट निर्माण जस्ता विधिहरुको अवलम्वन गरिनेछ।
- नागरिकहरुको सूचना पाउने हकलाई सुनिश्चित गर्दै खुल्ला सरकारको अवधारणा अगाडि बढाईनेछ।
- योजना निर्माणको चरणमा बालबालिका, युवा, वृद्धावृद्धा लगायत सवै पक्षको सहभागिताको सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ।
- बस्ति/टोलको समग्र विकास प्रकृयामा सार्थक परिचालन र योगदानका लागि टोल विकास संस्थाहरुको व्यवस्थापकीय एवं संस्थागत क्षमता विकास गरिनेछ।
- टोल विकास संस्थामा हुने वित्तीय कारोबारलाई नियमसंगत, पारदर्शी बनाउन एवं बचतकर्ताको बचत सुरक्षण गर्नका लागि सबै पक्षहरूसँग छलफल, अन्तरकृया गरी व्यवस्थित बनाईनेछ।
- उत्कृष्ट काम गर्ने टोल विकास संस्था/उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ।
- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषगत शाखा वा इकाइको सेवा प्रवाह सूचना प्रविधिमैत्री एवं छिटो छरितो हुने व्यवस्था मिलाईनेछ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही, पारदर्शी, नागरिकप्रति उत्तरदायी, सेवामूलक तथा विकासमैत्री बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।
- राजश्व तिर्ने, गुनासो गर्ने, घरनक्सा पास गर्ने, घटना दर्ता गर्ने, नगरपालिकाको गतिविधिहरु, सूचनाहरु तथा सामाजिक सुरक्षा सम्बन्धी जानकारी लगायतको विषयहरु अनलाइन प्रविधि मार्फत सेवा उपलव्ध गराई घरघरमा नगरपालिकाको सुविधा पुर्याउने व्यावस्था मिलाइनेछ।

- आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गरी वित्तीय अनुशासनलाई कडाईका साथ पालना गर्दै वेरुजु फछ्यौंटलाई अभियानको रुपमा संचालन गरिनेछ।

## ५.२ सञ्चार, सूचना र प्रविधिः

- नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधाहरुलाई क्रमशः सफ्टवेयर प्रणाली तथा बिद्युतीय माध्यमबाट संचालन गर्दै लगिनेछ।
- नगरका मुख्य क्षेत्रमा डिजिटल बोर्ड जडान गरी नगरपालिकाका गतिविधिहरु प्रशारण गरिनेछ।
- राजश्व तथा कर संकलनको लागि विद्युतीय प्रणाली स्थापना गरी अनलाईन कर भुक्तानी प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- नगरको वस्तुगत तथ्याङ्क सहितको डिजिटल प्रोफाईल तयार गरी सो बमोजिम योजना कार्यान्वयन र सेवा प्रवाह गरिनेछ।
- नगरपालिका कार्यालय तथा सवै वडालाई इन्ट्रा नेटवर्किङ (Intra-Networking) गरी सर्भरको ब्यबस्थापन संभाव्यता अध्ययन गरी प्रारम्भ गरिनेछ।साथै नगरका सबै विद्यालय र स्वास्थ्य संस्थाहरुमा ईन्टरनेट सुविधा पुऱ्याईनेछ।
- सूचना तथा संचार प्रविधिको उपयोग, विकास र विस्तार गर्दै सार्वजनिक सेवालाई खुला, पारदर्शी र जवाफदेही बनाउने नीतिको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- नगरक्षेत्रका मुख्य स्थानहरुमा फ्रि वाईफाईको व्यवस्थालाई निरन्तरता र अन्य सार्वजनिक स्थलहरुमा थप विस्तार गरिनेछ।
- अनलाईन प्रणाली मार्फत गुनासो दर्ता र सोको फछ्यौंटको जानकारी दिने ब्यवस्थाको विकास गरिनेछ।
- पत्रकार महासंघ उदयपुरले अक्षयकोष स्थापनाको लागि गरेको पहललाई त्रियुगा नगरपालिकाको योगदान रहने गरी सात लाख बजेट व्यवस्था मिलाएको छु ।
- त्रियुगा नगरपालिका भित्र संचालनमा रहेका रेडियो, एफएम, पत्रपत्रिका तथा अनलाईनहरुसंग सहकार्य गरी नगरका गतिविधिहरूलाई थप चुस्त, दुरुस्त र पारदर्शी बनाउदै लगिनेछ।
- त्रियुगा नगरपालिकाको विकास सम्वन्धी खोज अनुसन्धान गरी नागरिकहरुलाई तथ्यपरक सूचना तथा समाचार सहज रुपमा उपलब्ध गराउनको लागि स्थानीय पत्रकारहरुलाई प्रोत्साहन एवम् प्रवर्द्धन गरिनेछ।

## ५.३ न्यायिक समिति

- न्यायिक समितिको अधिकार क्षेत्रभित्रको विवादहरूमा न्यायिक निरूपण गर्दा दुवै पक्षलाई सहमतीमा मिलापत्र गराई जीत जीतको मूल्यमान्यतालाई प्रोत्साहन गरिनेछ।
- न्यायिक समितिलाई प्रभावकारी बनाउनका लागि समितिका सदस्यहरूलाई न्यूनतम पुर्पक्ष सम्वन्धी कार्यविधि एवं अधिकारको विषयमा अनुशिक्षण तालिमको व्यवस्था गरिनेछ।
- न्यायिक समितिको पदाधिकारी र वडाका सामुदायिक मेलमिलाप समितिको क्षमता अभिवृद्धि गरिनेछ।

## ५.४ शान्ति सुरक्षा

- नगर भित्रको सार्वजनिक आवगमन सहज गर्न र विभिन्न चाडपर्व, मेला, महोत्सव, प्रदर्शनीलाई व्यवस्थापन गर्न नगर प्रहरी परिचालन गर्नुको साथै स्थानीय सुरक्षा निकायसँगको समन्वयलाई प्रभावकारी वनाईनेछ।
- वडा कार्यालयहरुको सुरक्षा र वडाका सेवा प्रवाह आवश्यकताको आधारमा नगर प्रहरीलाई परिचालन गरिनेछ।
- बढी अपराध हुने तथा दुर्घटना घट्ने ठाउँहरू पहिचान गरी उक्त स्थानहरूमा विशेष निगरानीको व्यवस्था मिलाईनेछ। नगरका मुख्य मुख्य स्थान, चोक तथा सवै वडाका मुख्य स्थान र धार्मिक ऐतिहासिक स्थलहरूमा सि.सि.क्यामरा जडान गरी सुरक्षा निकायसंगको समन्वयमा प्रभावकारी निगरानी हुने व्यवस्था मिलाईनेछ।
- सबै प्रकारका लागू औषध तथा दुर्व्यसनी र मादक पदार्थ सेवनलाई निरूत्साहित गर्ने जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। साथै पूनर्स्थापना केन्द्र संचालन गर्ने संस्थाहरुसंग साझेदारीमा पुनर्स्थापन कार्यक्रम संचालन गरिनेछ।
- शैक्षिक, ऐतिहासिक, धार्मिक स्थलहरूको आसपासमा मादक पदार्थ तथा सूर्तिजन्य पदार्थहरूको बिक्री वितरण र सेवनलाई निरूत्साहित गरी रोक लगाइनेछ।

## ५.६ राजश्व परिचालनः

नगरपालिकाले राजश्वतर्फ "**तपाईंको कर, तपाईंको सुविधा**" नीति अख्तियार गरेको छ, यस अन्तर्गत देहायका पक्षहरु अवलम्वन गर्नेछ.

### क. राजस्व संकलन सुधारः

- सम्पत्ति कर, व्यवसाय कर, घरभाडा कर, वातावरणीय कर आदि समयमै संकलन गर्न अनलाइन प्रणाली लागू गर्ने।
- कर नतिर्नेहरूलाई सचेत गराई कानुनी कारबाही अघि बढाउने।
- मोबाइल एप वा वेबसाइटबाट अनलाइन भुक्तानीको व्यवस्था गर्ने।

### ख. करदातालाई सुविधाः

- हरेक करदातालाई युनिक करदाता कोड (Taxpayer ID) प्रदान गरिने।
- वार्षिक कर तिर्ने नागरिकलाई "करदाता सम्मान पत्र" दिने व्यवस्था।
- वडास्तरमै "कर सहायता काउण्टर" स्थापना गरी सेवा दिने।
- ६० वर्ष उमेर पुरा भएका एकल महिला तथा ७० वर्ष उमेर पूरा भएका पूर्ण अशक्त अपाङ्गता भई परिचयपत्र प्राप्त गरेका व्यक्तिहरुलाई सम्वन्धित वडा कार्यालय मार्फत गरिने सिफारिश लगायतमा कुनै पनि किसिमको सिफारिस दस्तुर नलिने व्यवस्था ।

**ग. पारदर्शिता र जवाफदेहिताः**

- संकलित करको उपयोग विवरण त्रैमासिक रूपमा नगरपालिकाको वेबसाइटमा सार्वजनिक गरिने।
- "तपाईंको कर कहाँ खर्च भयो?" अभियान सञ्चालन गरी सेवा वितरण दृश्य बनाइने।

**घ. कर शिक्षा र जनचेतनाः**

- विद्यालय, क्लब, महिला समूह, सहकारीहरूमा कर शिक्षा कार्यक्रम सञ्चालन।
- वार्षिक "कर सप्ताह" कार्यक्रम सञ्चालन गरी प्रदर्शनी, गोष्ठी र कर परामर्श शिविरहरू आयोजना गरिने।

**ङ. राजस्व श्रोतको विविधीकरणः**

- स्वीकृत योजना अनुसार नयाँ व्यापार अनुमति, पार्किङ कर, टोल ट्याक्स, पर्यटन शुल्क जस्ता नयाँ श्रोतहरूको पहिचान र सञ्चालन।
- सरकारी जग्गा भाडा, पसल लिजिङ, सवारी पार्किङबाट आय वृद्धिका उपायहरूको पहिचान।
- घुम्ती व्यवसायीहरुको हकमा नगरपालिकाबाट अनुमति लिएरमात्र व्यवसाय गर्ने व्यवस्था ।

**४. नागरिक सहभागिताः**

- "कर सुझाव पेटिका" हरेक वडामा स्थापना गरिने।
- वार्षिक सार्वजनिक सुनुवाइमार्फत नागरिक सुझाव लिई नीति निर्माणमा समावेश गरिने।

**५. नीति कार्यान्वयन र अनुगमनः**

- राजस्व शाखा अन्तर्गत नीति कार्यान्वयन समिति गठन गरिने।
- प्रत्येक छ महिनामा नीति समिक्षा गरिने र आवश्यक संशोधन गरिने।

**सभाध्यक्ष महोदय,**
**नगर सभाका सदस्यज्यूहरु,**
यस नगर सभामा प्रस्तुत गरिएका नीति कार्यान्वयनका लागि कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन व्यवस्था मिलाइनेछ। यसबाट भौतिक पूर्वाधार निर्माण एवं मानवीय पूँजी विकास भई आम त्रियुगावासी जनताको आर्थिक, सामाजिक अवस्थामा परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार हुने तथा राजश्व संकलनमा उल्लेखनीय वृद्धि हुनुका साथै सेवा प्रवाह सुधार आई सुशासनको अनुभुति हुने विश्वास लिएको छु।

प्रस्तुत नीति तर्जुमा गर्दा महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने जिल्लाबाट प्रतिनिधित्व हुने संघीय संसदका सदस्यज्यूहरु, संविधान सभा सदस्यज्यूहरु, प्रदेश सभाका सदस्यहरु, नगरपालिकाका पूर्व नगर प्रमुखज्यू र

उपप्रमुखज्यू, विभिन्न राजनैतिक दलका नेताहरु, उद्योग वाणिज्य संघका पदाधिकारी सदस्यहरु, विज्ञ सल्लाहकारहरु, आदिवासी जनजाती अभियान्ताहरु, महिला संजाल, नगर बालसंजाल, दलित अभियन्ताहरु, नागरिक समाज, पत्रकारबन्धुहरु र नीति तथा कार्यक्रम निर्माण प्रकृयामा महत्वपूर्ण सहयोग गर्नुहुने कार्यपालिका तथा नगरसभा सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण अधिकृत तथा कर्मचारी साथीहरु प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु।

आगामी आर्थिक वर्षका लागि पेश गरिएको बजेट, नीति तथा कार्यक्रम र सोसंग सम्बन्धित अर्थ विधेयक र विनियोजन विधेयक उपर रचनात्मक र सिर्जनात्मक ढंगले सघन छलफल गरी पारित गरि दिनु हुनेछ भन्ने विश्वासका साथ सम्पूर्ण नगर सभा सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछु।

अन्त्यमा, त्रियुगा नगरपालिकाको विकास र समृद्धिमा सहयोग पुर्याउनु हुने सम्पूर्ण राजनीतिक दलहरु, समाजसेवीहरु, बुद्धिजिवीहरु, पूर्वजनप्रतिनिधिहरु, विभिन्न गैर सरकारी संघ-सस्थाहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संघसस्थाहरु, दातृ निकायहरु, सम्पूर्ण कर्मचारीहरु, सुरक्षा निकायहरु, सम्पूर्ण संचार जगत तथा पत्रकारहरु एवं त्रियुगा नगरवासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तावित नीति तथा कार्यक्रमलाई सफल बनाउनमा समेत यहाँहरुबाट सकारात्मक सहयोग, समन्वय, सहकार्य एवं शुभेच्छा प्राप्त हुने अपेक्षा राख्दै सम्पूर्ण त्रियुगा नगरवासीहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

**धन्यवाद !**